जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक २८५ २०८३ साल असार १० गते बुधबार (24 June 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'सफा सहर' को साख ... ३ पृष्ठमा : चिकित्सक व्यावसायिक ... ३ पृष्ठमा : हर्मुजमा इरानको ...

## बिचौलियारहित सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गर्छु : प्रजिअ थापा



**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

सप्तरीका नव आगन्तुक प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाले जिल्लामा बिचौलिया रहित सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गर्ने बताएका छन् ।

जिल्ला स्थित सरकारी कार्यालयबाट प्रवाह हुने सबै प्रकारका सेवालाई बिचौलिया रहित बनाउनुका साथै आमजनताको दैनिक कामकाज सहज र सरल बनाउन आफुले काम गर्ने बताएका हुन् ।

एक साता अघि मात्रै जिल्ला प्रशासन कार्यालयमा सरुवा भएर आएका थापाले मंगलबार पत्रकारहरुसंगको परिचयात्मक कार्यक्रममा जिल्लाको समग्र अवस्थाबारे पत्रकारहरुसंग सुझाव लिदै यस्तो बताएका हुन् ।

चुस्त दुरुस्त सेवा प्रवाहका लागि कार्यालय प्रमुखहरुको बैठकमा छलफल भएको भन्दै उनले कार्यालयहरुबाट हुने सेवाप्रवाह बारे जनताको कुनैपनि गुनासो जिल्ला प्रशासन कार्यालयमा नआउने गरि काम गर्न उनीहरुलाई निर्देशन भईसकेको जानकारी दिए ।

जिल्लामा शान्ति सुरक्षा कायम राख्नु आफ्नो दायित्व भित्रको काम भएकाले जनताको जिउ धनको सुरक्षामा कुनै समझौता नहुने स्पष्ट पारे ।

राजविराजको बसपार्क सञ्चालन, ट्राफिक व्यस्थापन, बजार व्यवस्थापन, सार्वजनिक जग्गा अतिक्रम, अवैध मदिरा पसल सञ्चालन, लागुऔषधको कारोबार, अवैध औषधी पसल सञ्चालन लगायतका समस्याहरु जिल्लामा रहेको पत्रकारहरुले राखेका समस्याहरु सुनेपछि जवाफ दिदै प्रजिअ थापाले पत्रकारहरुबाट आएको समस्या समाधानका लागि काम गर्ने प्रतिवद्धता जनाए ।

उनले कतिपय कामका लागि स्थानिय सरकारसंग समन्वय गरेर भएपनि आफुले समस्याहरुको न्यूनिकरणका लागि हरसम्भव प्रयास गर्ने उल्लेख गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवणकुमार देवले सप्तरीमा प्रशासनसंग पत्रकारको सधै राम्रो सम्बन्ध रहेको भन्दै जिल्लाको समस्या समाधानमा यहाँका पत्रकारहरुले सहयोग गर्ने प्रतिवद्धता जनाए । उनले पत्रकारहरुलाई सूचना, सम्मान र सुरक्षाको प्रत्याभूती गराउन पनि प्रजिअ थापालाई आग्रह गरे ।

जिल्लामा पत्रकारको नाममा विकृती फैलाउनेहरुलाई पनि निरुत्साहित गर्नुपर्ने भन्दै अध्यक्ष देवले त्यतातिर पनि प्रजिअ थापाको ध्यानाकर्षण गराएका थिए ।

## तराईमा तातो लहर कायमै

काठमाडौँ, ९ असार (रासस) ।

जल तथा मौसम विज्ञान विभागले नेपालमा मनसुन प्रवेश भएपनि तराईमा तातो लहरको जोखिम कायमै रहने जनाउ दिएको छ ।

लुम्बिनी प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको सम्भावना रहे पनि तराईका एकदुई स्थानमा तातोलहर (हिटवेभ)को जोखिम कायमै रहेको विभागले सुदूरपश्चिम प्रदेशको तराई क्षेत्रमापनि तातोलहर चल्न सक्ने सम्भावना औँल्याइएको छ ।

मौसम पूर्वानुमान अनुसार धनगढी र नेपालगन्जमा मंगलबार तातो हावाको लहर (हिटवेभ) चल्ने सम्भावना र धनगढीमा अधिकतम् तापक्रम ३८ देखि ४० डिग्री सेल्सियस तथा नेपालगन्जमा ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न सक्ने अनुमान गरिएको छ ।

वीरेन्द्रनगर, घोराही र भैरहवालगायतका तराई क्षेत्रमा 'तातो दिन' को अवस्था रहने, तथा पोखरा, काठमाडौँ, ओखलढुङ्गा, धनकुटा, विराटनगर, धरान, जिरी र ताप्लेजुङलगायत क्षेत्रमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

पोखरा, ओखलढुङ्गा, धनकुटा, विराटनगर र ताप्लेजुङमा वर्षाको सम्भावना ४० प्रतिशतसम्म रहेको विभागले पूर्वानुमान गरेको छ ।

काठमाडौँ उपत्यकामा मंगलबार दिउँसो मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुने

*बाँकी अन्तिम पृष्ठमा*

## मोहरम शान्तिपूर्ण रुपमा मनाउन सप्तरी प्रशासनको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ९ असार ।**

मोहरम पर्वलाई शान्तिपूर्ण, सभ्य र मर्यादित रुपमा मनाउन जिल्ला प्रशासन कार्यालय सप्तरीले इस्लाम धर्मावलम्बीहरूलाई आग्रह गरेको छ ।

जिल्ला प्रशासनले मंगलबार एक सूचना जारी गर्दै सार्वजनिक स्थलमा हातहतियार प्रदर्शन, सवारी आवागमनमा अवरोध तथा होहल्ला जस्ता गतिविधि नगर्न अपील गरेको हो ।

मोहरम पर्वको अवसरमा सम्पूर्ण मुस्लिम समुदायप्रति शुभकामना व्यक्त गर्दै प्रशासनले धार्मिक तथा सांस्कृतिक पर्वहरु आपसी सद्भाव, सामाजिक मर्यादा र कानुनी व्यवस्था कायम राख्दै मनाउनुपर्नेमा जोड दिएको छ ।




सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवद्वारा हस्ताक्षरित सूचनामा मोहरम पर्वलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न सबै पक्षको सहयोग आवश्यक रहेको उल्लेख गरिएको हो ।

चाडपर्वको नाममा अवाञ्छित गतिविधि तथा हातहतियार प्रदर्शन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने चेतावनी समेत दिइएको छ ।

प्रशासनले धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र सार्वजनिक सुरक्षालाई प्राथमिकतामा राखेर पर्व मनाउन अनुरोध गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

## मोटरसाइकलको ठक्करबाट तीन जनाको मृत्यु

**दैनिक समाचारदाता**
**बारा, ९ असार ।**

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-९ छातापिपरामा सोमबार साँझ मोटरसाइकलले पैदल यात्रुलाई ठक्कर दिँदा तीन जनाको मृत्यु भएको छ । जीतपुरबाट वीरगन्जतर्फ जाँदै गरेको बा६८प ७५९१ नम्बरको मोटरसाइकलले छातापिपरा चोकमा सडक पार गर्दै गरेका पैदल यात्रुलाई ठक्कर दिँदा दुर्घटना भएको हो ।

दुर्घटनामा परी मोटरसाइकलमा सवार दुई युवक र एक पैदल यात्रुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिनुभयो । मृतकमध्ये दुई जनाको मात्रै पहिचान खुलेको छ ।

प्रहरी नायब उपरीक्षक घलेका अनुसार दुर्घटनामा परी मृत्यु हुनेमा जीतपुरसिमरा-१ पथलैया घर भई हाल काठमाडौँ बसोबास गर्ने २० वर्षीय सभ्य अधिकारी र मोटरसाइकल चालक काठमाडौँ टोखा नगरपालिकाका डिजेन जोशी रहेका छन् । पैदल यात्रुको पहिचान खुल्न बाँकी रहेको उहाँले जानकारी दिए ।

दुर्घटनामा गम्भीर भएका तीनै जनालाई अस्पताल पुऱ्याइएपनि चिकित्सकले मृत घोषणा गरेका प्रहरी नायब उपरीक्षक घलेले जानकारी दिए । उनका अनुसार मृतकमध्ये जोशी र अधिकारीको शव बयोधा अस्पतालमा छ भने पैदल यात्रुको शव नारायणी अस्पतालमा राखिएको छ ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दशक अघि खुला दिसामुक्त घोषणा, मुसहर बस्ती अझै शौचालयविहीन

जनकपुरधाम, ९ असार (रासस)।
नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको करिब आठ वर्ष बितिसक्दा पनि धनुषाको एक मुसहर दलित बस्तीका स्थानीय अझै खुला स्थानमा शौच गर्न बाध्य छन्। सरकारको खुला दिसामुक्त अभियान र सरसफाइ क्षेत्रमा गरिएको लगानीका बाबजुद धनुषाको सहिदनगर नगरपालिका-५ स्थित पचहर्वा मुसहर बस्तीका अधिकांश परिवार खुला स्थानमा शौच गर्न बाध्य छन्।

सो बस्तीका उर्मिला सदाका लागि खुला स्थानमा शौच गर्नु दैनिक जीवनको बाध्यता बनेको छ। घरमा शौचालय नहुँदा उहाँ राति वा बिहान सबेरै अँध्यारोमा शौच गर्न खेततिर जानुहुन्छ। "खुला ठाउँमा शौच गर्दा लाज लाग्छ, कतिपय खेतधनीले गालीसमेत गर्छन्", उहाँ भन्नुहुन्छ, "यो समस्या महिलाका लागि झन् जटिल बनेको छ।"

एक सयभन्दा बढी घरधुरी रहेको उक्त बस्तीमा तीन घरमा मात्र शौचालय रहेको छ। बाँकी परिवारले वर्षौंदेखि खेतबारी, बाँसघारी र खोल्साका किनारामा दिसापिसाब गर्दै आएका छन्। उक्त वडा २०७५ सालमै खुला दिसामुक्त घोषणा गरिएको थियो। तर दलित समुदायको यो बस्ती भने सरसफाइ सुविधाको पहुँचबाट टाढै रहेको छ। स्थानीय शोभेन्द्र सदाका अनुसार बस्तीमा करिब ३७० जनाको बसोबास छ। वृद्धवृद्धा, महिला, पुरुष र बालबालिकासमेत खुला स्थानमै शौच गर्न बाध्य छन्। कतिपय परिवारसँग शौचालय निर्माणका लागि आवश्यक जग्गा छैन भने कतिपयले आर्थिक अभावका कारण निर्माण गर्न नसकेको स्थानीय परमदेवी सदाको भनाइ छ। केहीले भने सरकारी सहयोगको आशामा शौचालय निर्माण नगरेको उहाँ बताउनुहुन्छ।

परमदेवीका अनुसार महिला राति पुरुष सुतेपछि वा बिहान उज्यालो हुनुअघि खेततिर जान बाध्य छन्। "खुला ठाउँमा बस्दा सर्प तथा विषालु किराको डर हुन्छ, कसैले देख्ला कि भन्ने चिन्ता पनि उत्तिकै हुन्छ", उहाँ भन्नुहुन्छ, "वर्षायाममा खेत डुबान हुँदा समस्या अझ गम्भीर बन्ने गर्छ।"

उक्त बस्तीका अधिकांश परिवार सुकुमवासी छन्। उहाँहरूसँग न पर्याप्त जग्गा छ, न शौचालय निर्माण गर्न आवश्यक आर्थिक स्रोत नै। बसोबास गरिरहेको सानो घरबाहेक अन्य जमिन नभएकाले ती बस्तीका स्थानीय अरुको खेतबारीमा निर्भर हुनुपरेको छ। यसले सरसफाइ मात्र होइन, मानव मर्यादा र सुरक्षासँग सम्बन्धित प्रश्न उठाएको स्थानीय रामदयाल सदाको भनाइ छ।

रामदयालका अनुसार खुला दिसापिसावका कारण बस्ती वरपरको वातावरण फोहर बन्दै गएको छ। "शौचालय अभावका कारण झाडापखाला, आउँ, टाइफाइडलगायत रोगको जोखिम बढेको छ", उहाँ भन्नुहुन्छ, "सरसफाइको कमीले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित हुने गरेका छन्।"

हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव रामदयाल सदाका अनुसार सहिदनगर नगरपालिकामा मात्रै एक हजारभन्दा बढी परिवार शौचालयविहीन छन्। धनुषाको सबैजा नगरपालिका, विदेह नगरपालिका, मिथिला बिहारी नगरपालिका तथा क्षीरेश्वरनाथ नगरपालिकालगायत स्थानीय तहका विपन्न बस्तीमा अझै शौचालयको समस्या रहेको उहाँको भनाइ छ। नेपाललाई २०७५ सालमा खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको थियो। त्यसबेला दक्षिण एसियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेको दाबी गरिएको थियो। तर पचहर्वा मुसहर बस्तीको यथार्थले घोषणाको प्रभावकारितामाथि प्रश्न उठाएको छ। सरसफाइ अभियानका नाममा अर्बौं रुपैयाँ खर्च भए पनि विपन्न, दलित र सुकुमवासी समुदायसम्म आधारभूत सुविधा पुग्न नसक्नु चुनौतीका रूपमा देखिएको सहिदनगर नगरपालिकाका स्थानीय युवा कमलेश यादव बताउनुहुन्छ। विपन्न दलित समुदायको आधारभूत सरसफाइको अधिकार सुनिश्चित नभएसम्म खुला दिसामुक्त राष्ट्रको उपलब्धि पूर्ण रूपमा सार्थक हुन नसक्ने उहाँको भनाइ छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'सफा सहर' को साख जोगाउन कठिन

**सङ्गीता राई**
सुनसरी, ९ असार (रासस)।
धरान उपमहानगरपालिका-१५ का स्थानीय विनोद राई भन्नुहुन्छ, "गर्मी र वर्षाको समयमा फोहर दुर्गन्धित भएर चारकोसे जङ्गलको बाटो यात्रा गर्नै कठिन हुन्छ। त्यही फोहरबाट निस्किने झिँगा र लामखुट्टेका कारण घरमा बालबालिका बिरामी पर्ने जोखिम उच्च छ। कहिले फोहर जलाएको धुवाँले त कहिले दुर्गन्धले गर्दा बाटोमा हिँडिसक्नुहुँदैन।" पहिले 'सफा हरित सहर' भनेर चिनिने धरानमा अहिले नाक थुनेर हिँड्नुपर्ने अवस्था छ।

उपमहानगरपालिकाले यसको दीर्घकालीन समाधान बेलैमा खोज्नु आवश्यक छ। उहाँले भन्नुभयो, "कुनै समय मुलुककै सफा, सुन्दर र व्यवस्थित सहरको पहिचान बनाएको धरान उपमहानगरपालिकामा अहिले फोहरमैला व्यवस्थापनको सङ्कट चुलिएको छ। धरानबाट दैनिक रूपमा सङ्कलन हुने फोहरको वैज्ञानिक र दीर्घकालीन व्यवस्थापन गर्न नसक्दा वातावरणीय प्रदूषण तीव्र रूपमा बढ्दै गएको छ।"

धरान उपमहानगरपालिकाका नगर प्रमुख अइन्द्रविक्रम बेघाले स्थानीयस्तरबाट ठूलो बजेट विनियोजन गर्न नसकिएका कारण वैकल्पिक ऊर्जा र फोहर व्यवस्थापनको क्षेत्रमा समस्या देखिएको बताउनुभयो। धरानमा सौर्य ऊर्जा र फोहरबाट ऊर्जा उत्पादन गर्ने प्रचुर सम्भावना भए पनि नीतिगत अस्पष्टता र लगानीको अभावका कारण समस्या देखिएको उहाँको भनाइ छ। स्थानीयस्तरमा फोहरलाई स्रोतमै कुहिने र नकुहिने गरी वर्गीकरण गरेर उचित प्रयोग गर्नसके त्यहींबाट ऊर्जा प्रवर्द्धन गर्न सकिन्थ्यो। नगर प्रमुख बेघाले भन्नुभयो, "प्रविधि महँगो हुनु र स्थानीय सरकारसँग पर्याप्त बजेट नहुँदा यो सम्भव हुन सकेको छैन।"

परम्परागत इन्धन र केन्द्रीय प्रसारणको बिजुलीमा मात्र भर नपरी यसका लागि उपमहानगरपालिकाले नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि छुट्टै कोष स्थापना र ठोस कार्यनीति ल्याउनु आवश्यक रहेको उहाँले बताउनुभयो। फोहरमैला व्यवस्थापनसँगै बायोग्यास ग्यास उत्पादन गर्ने भनी धरान-६ मा फोहरमैला प्रशोधन केन्द्र स्थापना गरिएको थियो अहिले उक्त केन्द्र बन्द भएपछि नगरभित्र सङ्कलन गरिएको फोहरमैला धरान उपमहानगरपालिका-१५ स्थित बाझगरा सामुदायिक वन क्षेत्रको सेउती खोला किनारमा जथाभावी विसर्जन (डम्पिङ) गर्ने गरिएको छ।

अव्यवस्थित फोहरका कारण धरानको जैविक विविधताले भरिएको वन क्षेत्र र आसपासका मानव बस्तीहरू प्रत्यक्ष सङ्कटमा परेका छन्। फोहर विसर्जन गर्ने क्षेत्र वैज्ञानिक र व्यवस्थित नहुँदा स्थानीय समुदाय, रैथाने वनस्पति तथा वन्यजन्तुले बहुआयामिक चुनौती सामना गरिरहेको बाझगरा सामुदायिक वन उपभोक्ता समितिका उपाध्यक्ष कुमार भारतीले बताउनुभयो। यो गम्भीर समस्याबारे हामीले उपमहानगरपालिकालाई पटकपटक ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस र दिगो समाधान अघि बढ्न सकेको छैन।

उहाँले भन्नुभयो, "धरानको फोहरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि विगतमा प्रयास नभएका भने होइनन्। करोडौंको निजी लगानीमा धरान उपमहानगरपालिका-६ पानवारीमा 'भेन्वर वेस्ट टु इनर्जी' प्रालिले फोहर प्रशोधन केन्द्र निर्माण गरेको थियो।" वार्षिक आम्दानीको एक प्रतिशत नगरपालिकालाई प्रदान गर्ने र २० वर्षपछि उपमहानगरपालिकालाई नै उक्त केन्द्र हस्तान्तरण गर्ने सम्झौतासहित २०७८ सालमा निजी क्षेत्रको लगानीमा निर्मित उक्त केन्द्रको उद्घाटन पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको थियो।

दैनिक दुई हजार केजी ग्यास र जैविक मल उत्पादन गर्ने तथा उत्पादित ग्यासबाट धरानका चार सयभन्दा बढी टेम्पो सञ्चालन गर्ने लक्ष्यका साथ सञ्चालनमा ल्याइएको उक्त केन्द्र अहिले पूर्ण रूपमा बन्द भएपछि वैकल्पिक ऊर्जा प्रवर्द्धन साथै फोहरमैला व्यवस्थापनमा समस्या भएको छ। करोडौंको लगानीमा बनेको प्रशोधन केन्द्र प्राविधिक तथा विविध व्यवस्थापकीय कमजोरीका कारण बन्द भएपछि धरानबाट निस्कने फोहर पुनः जङ्गल र खोला किनारमा फाल्न थालिएको हो।

अव्यवस्थित फोहरका कारण वन क्षेत्रमा आइपर्ने सबैभन्दा प्रमुख र तत्कालीक खतरा डढेलो बनेको छ। सङ्कलन गरिएको फोहरमा लापरवाहीपूर्वक आगो लगाइँदा जुनसुकै बेला वनमा डढेलो सल्किने उच्च जोखिम रहेको उपाध्यक्ष भारतीको भनाइ छ। यसका साथै सो क्षेत्र पछिल्लो समय वन्यजन्तु शिकारीहरूको रोजाइमा पर्न थालेको छ। "रातिको समयमा जङ्गली जनावरहरू खानेकुराको खोजीमा फोहर विसर्जन स्थलसम्म आउने गर्छन्। त्यो समयमा शिकारीहरूले पासो थाप्ने र सिकार गर्ने गरेको पाइएको छ", उपाध्यक्ष भारतीले भन्नुभयो।

वन्यजन्तु मात्र नभएर यो क्षेत्र मानव सुरक्षा र कानुनी दृष्टिकोणले अत्यन्तै संवेदनशील बन्दै गएको छ। फोहर विसर्जन स्थल र धरानको मुख्य बजार क्षेत्रको भौगोलिक दूरी नजिक भएकाले त्यहाँबाट फैलिने रोगवाहक झिँगा र कीराहरू सजिलै मानव बस्तीसम्म पुग्ने गरेका छन्। यसले आसपासका क्षेत्रमा सङ्क्रामक महामारीको जोखिम बढाएको उपाध्यक्ष भारतीले बताउनुभयो।

धरानको अव्यवस्थित फोहरको असर छिमेकी स्थानीय तहसम्म समेत पुग्न थालेको छ। फोहरबाट निस्कने तीव्र दुर्गन्ध र प्लास्टिकजन्य फोहर जलाउँदा निक्लने विषाक्त धुवाँ हावाको माध्यमबाट इटहरी उपमहानगरपालिकाको तरहरा क्षेत्रसम्म पुग्ने गरेको छ। वर्षायाममा बाढीले फोहरको थुप्रो बगाएर तल्लोतटीय क्षेत्रका किसानहरूको खेतीयोग्य जमिनमा पुऱ्याउँदा बालीनाली नष्ट हुनुका साथै माटोको उर्वराशक्ति समेत कमजोर बन्ने खतरा बढेको छ।

धरान उपमहानगरपालिकामा लामो समयदेखि बहस र चिन्ताको विषय बन्दै आएको फोहर व्यवस्थापनको मुद्दा अहिले आएर वातावरणीय सङ्कट मात्र नभई वन संरक्षण र सार्वजनिक सुरक्षाका लागि समेत गम्भीर चुनौती बनेको धरान उपमहानगरपालिकाका पूर्व उपप्रमुख मन्जु भण्डारीले बताउनुभयो। पूर्वउपप्रमुख भण्डारीले भन्नुभयो, "फोहर विसर्जन स्थल र प्राकृतिक वन क्षेत्रको निकटताका कारण बहुआयामिक समस्याहरू निम्तिएका छन्। फोहरमैला व्यवस्थापनमा धरान उपमहानगरपालिका चुकेको छ यसमा स्थानीय प्रशासन र सरोकारवाला निकायको ध्यान जानु आवश्यक छ।" धरान नगरको प्रमुख चुनौतीको रूपमा रहेको फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपमहानगरले नयाँ 'डम्पिङ साइट' र 'ट्रिटमेन्ट साइट' खोजी गरी ठोस कार्ययोजना अघि सार्नुपर्ने उहाँको भनाइ छ।

धरान-६ मा निजी क्षेत्रको करोडौं रुपैयाँ लगानीमा निर्माण गरिएको फोहर प्रशोधन केन्द्र (बायोग्यास प्लान्ट) लाई नगरपालिकाले प्रोत्साहन र आवश्यक सहयोग गर्न नसक्दा वैकल्पिक ऊर्जा प्रवर्द्धनमा ठूलो समस्या देखिएको भण्डारीले बताउनुभयो। सम्झौतामा स्पष्ट हुँदाहुँदै पनि आवश्यक बजेट अभावका कारण देशकै नमूना बन्न सक्ने प्रोजेक्ट अहिले सङ्कटमा परेको उहाँको भनाइ छ।

यो प्रशोधन केन्द्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र बैंकहरूको ठूलो ऋण लगानी छ। यस्तो परियोजना डुब्नु भनेको एउटा निजी कम्पनी मात्र डुब्नु होइन केन्द्रीय सरकारको नीति असफल हुनु र राष्ट्रिय अर्थतन्त्र धरासायी हुनु पनि हो। उहाँले भन्नुभयो, "निजी क्षेत्र धरासायी भएर राष्ट्र समृद्ध हुन सक्दैन।"

देशभरका कार्यपालिकाले फोहरमैला व्यवस्थापनमा सामान्य प्रशासनिक काम गरिरहेको भए पनि यस्ता आधुनिक प्रशोधन केन्द्रहरू नेपालमा बिरलै बन्ने गरेका छन्। उहाँले भन्नुभयो, "यसलाई पुनः सञ्चालन गर्न सके धरानले फोहरमैला व्यवस्थापन र वैकल्पिक ऊर्जा उत्पादनमा देशकै लागि नमुना मोडेल प्रस्तुत गर्न सक्ने छ।" फोहरमैला व्यवस्थापनका नाममा मात्र नगरपालिकाले ट्र्याक्टर खरिद र सफाइ कर्मचारीको तलबमा वार्षिक रूपमा करोडौं खर्च गर्ने गरेको छ। यदि निजी क्षेत्रलाई फोहरमैला प्रशोधनको जिम्मेवारी दिएर समन्वय मात्र गर्ने हो भने यो खर्च कटौती भई उपमहानगरपालिकाको आम्दानीमा वृद्धि हुने उहाँले बताउनुभयो।

अहिले व्यवस्थित प्रशोधन केन्द्र नहुँदा जङ्गलमा जथाभाभी फालिएको र जलाइएको फोहरले वन्यजन्तु, बोटबिरुवा र मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याएको छ। वन क्षेत्रमा फोहर फाल्दा नयाँ पालुवा पलाउँदै गरेका बोटबिरुवा मासिने र फोहर फालिएका वरपरका बोटबिरुवा मरिसकेका छन् चराचुरुङ्गी र जनावर विस्थापित भएका छन जसले गर्दा वन्यजन्तुको प्राकृतिक चक्र बिग्रँदो छ। साथै, फोहर जलाउँदा निस्कने धुवाँका कारण स्थानीय नागरिकको स्वास्थ्यमा समेत गम्भीर असर परेको उहाँको भनाइ छ।

प्रविधिको सही प्रयोग गरेर कुहिने फोहरबाट बायोग्यास र नकुहिने प्लास्टिकजन्य फोहरबाट अलकत्रा वा अन्य उपयोगी सामग्री बनाउने उद्योगलाई प्रोत्साहन गर्नुपर्ने पूर्वउपप्रमुख भण्डारीको सुझाव छ। यसबाट धरानमा दैनिकरूपमा सङ्कलन हुने फोहरको दीर्घकालीन व्यवस्थापन हुनुका साथै वैकल्पिक ऊर्जाको प्रवर्द्धन भई अतिरिक्त आम्दानी गर्न सकिने उहाँले बताउनुभयो। २०७८ सालमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको उक्त केन्द्रबाट जैविक मल र बायोग्यास उत्पादन सुरु भएर दुई वर्षसम्म सञ्चालन गरिएको थियो तर हाल यो परियोजना पूर्णरूपमा ठप्प बनेको हो।

परियोजनाका निर्माण कन्सल्टेन्ट इन्जिनियर विवेक अग्रवालका अनुसार सङ्घीय सरकारको रु छ करोड अनुदानसहित करिब रु २७ करोडको लागतमा करिब एक बिघा जमिनमा प्रशोधन केन्द्र निर्माण गरिएको थियो। उपमहानगरपालिकाले निजी कम्पनीसँगको साझेदारीमा फोहरबाट ऊर्जा उत्पादन गर्ने 'वेस्ट टु इनर्जी' परियोजनाअन्तर्गत यसलाई सञ्चालनमा ल्याएको भए पनि स्थानीय र सङ्घीय सरकारले आवश्यक चासो र आवश्यक सहयोग गर्न नसक्दा बन्द हुन पुगेको इन्जिनियर अग्रवालले बताउनुभयो।

दैनिक ५० टन फोहर प्रशोधन गर्न सक्ने क्षमता रहेको उक्त केन्द्रबाट दैनिक एक हजार २०० किलोग्राम बायोग्यास र चार सय किलोग्राम जैविक मल उत्पादन हुने गरेको थियो। लामो समयदेखि केन्द्र बन्द रहेका कारण यसलाई पुनः सञ्चालनमा ल्याउन निकै कठिन रहेको र सुरुवाती चरणकै जस्तो ठूलो खर्च लाग्ने भएकाले तत्काल सञ्चालन गर्न सहज नभएको अग्रवालको भनाइ छ।

धरान उपमहानगरपालिकाका वातावरण अधिकृत भेषराज घिमिरेका अनुसार प्रशोधन केन्द्रका लागि धरानको फोहरले मात्र नपुगेपछि छिमेकी स्थानीय तहहरूबाट फोहरमैला जुटाउने प्रयास गरिएको थियो तर सरकारका विभिन्न नीतिगत कठिनाइ र उत्पादित ग्यास प्रयोगमा देखिएका कानुनी तथा व्यवहारिक समस्याका कारण निजी क्षेत्रले यो केन्द्र सञ्चालन गर्न नसकेको उहाँले बताउनुभयो।

उपमहानगरपालिकाले प्रशोधन केन्द्रका प्रतिनिधिहरूलाई बोलाएर सञ्चालनमा देखिएका समस्या समाधानका लागि चाँडै नै संवाद अगाडि बढाउने तयारी गरेको छ। अधिकृत घिमिरेले भन्नुभयो, "यो प्रशोधन केन्द्र पूर्ण रूपमा सञ्चालनमा आउन सके धरानको फोहर व्यवस्थापन र वैकल्पिक ऊर्जा उत्पादनमा ठूलो सहयोग हुनेछ।"

धरानमा दैनिक ३० देखि ३२ टनसम्म फोहर सङ्कलन हुने गरेको छ। फोहर व्यवस्थापनका लागि उपमहानगरपालिकाको वार्षिक साढे रु चार करोड खर्च हुने गरेकोमा फोहर सङ्कलन शुल्कबाट भने करिब साढे रु दुई करोड मात्र आम्दानी हुने गरेको उहाँले जानकारी दिनुभयो। प्रशोधन केन्द्र बन्द भएपछि धरानको फोहरलाई नियमित रूपमा धरान-१५ स्थित सामुदायिक वन नजिकै नदी उकास जग्गामा खुला रूपमा डम्पिङ गर्ने र जलाउने गरिएको छ। फोहर जलाउँदा निस्कने बाक्लो धुवाँका कारण ऐतिहासिक चारकोसे जङ्गल क्षेत्र दिउँसै अँध्यारो हुने अवस्था सिर्जना भएको छ।

जङ्गल क्षेत्रमा उड्ने धुवाँका कारण नजिकै रहेको कोशी राजमार्गमा आवतजावत गर्ने सवारीसाधन र सर्वसाधारणले ठूलो सास्ती भोग्नु परिरहेको छ। धुवाँले गर्दा सडकमा 'भिजिबिलिटी' (दृश्यता) कम भई सवारी दुर्घटनाको जोखिम उच्च बनेको छ जसले यात्रुहरूको सुरक्षामै गम्भीर चुनौती थपेको छ।

डम्पिङसाइटमा कबाडी

*बाँकी तीन पृष्ठमा*

# चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा : कार्यान्वयनको बाटो

**डा विश्वराज दवाडी**

काठमाडौँ, ९ असार (रासस) ।

नेपालको स्वास्थ्य क्षेत्र अहिले एउटा गम्भीर र अभूतपूर्व सङ्क्रमणकालबाट गुज्रिरहेको छ । एकातिर नागरिकहरूमा आफ्नो स्वास्थ्य र कानुनी अधिकारप्रतिको चेतना अभूतपूर्व रूपमा बढेको छ भने अर्कोतिर उपभोक्ता अदालतको बढ्दो सक्रियता, नयाँ कानुनी व्यवस्थाहरू र सर्वोच्च अदालतका पछिल्ला फैसलाहरूले चिकित्सकीय लापरबाहीको मुद्दालाई निकै संवेदनशील मोडमा पुर्‍याएका छन् ।

उपचारका क्रममा हुने अप्रत्याशित परिणाम वा त्रुटिहरूका कारण चिकित्सक र अस्पतालहरूले लाखौँ र करोडौँ रुपैयाँसम्मको जरिवाना र क्षतिपूर्तिको भागिदार बन्नुपर्ने परिस्थिति सिर्जना भएको छ । यस्तो जटिल र चुनौतीपूर्ण वातावरणमा चिकित्सकहरूलाई मानसिक तनावमुक्त भई आफ्नो पूर्ण दक्षताका साथ काम गर्ने वातावरण बनाउन र पीडित बिरामीको न्यायोचित अधिकार सुनिश्चित गर्न नेपालमा 'डक्टर्स प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स' अर्थात् 'चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' तत्काल र लागू गर्नुको अब कुनै विकल्प छैन ।

**के हो प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स ?**

सरल भाषामा भन्दा यो स्वास्थ्यकर्मी वा चिकित्सकहरूका लागि एउटा कानुनी र वित्तीय सुरक्षा कवच हो । चिकित्सा क्षेत्र शतप्रतिशत गणितीय विज्ञान होइन; यहाँ हरेक बिरामीको शरीर, रोगको प्रकृति र ओषधिको प्रतिक्रिया फरक हुन सक्छ । सदाशयतापूर्वक र आफ्नो पूर्ण ज्ञान प्रयोग गरेर उपचार गर्दागर्दै पनि अन्जानमा कुनै प्राविधिक त्रुटि, गल्ती वा असावधानी हुनसक्छ ।

यस्ता त्रुटिका कारण बिरामीलाई कुनै शारीरिक वा मानसिक क्षति पुग्न गएमा र अदालत वा सम्बन्धित नियामक निकायले चिकित्सकलाई दोषी ठहर गरेमा, यो बिमाले बिरामीलाई बुझाउनुपर्ने क्षतिपूर्ति र कानुनी लडाइँको खर्च ब्यहोर्ने गर्दछ । स्मरणरहोस्, यस बिमाले नियतवश गरिएको अपराध वा मदिरा/लागूऔषध सेवन गरी गरिएको लापरबाहीलाई समेट्दैन । यसको मुख्य उद्देश्य इमान्दार चिकित्सकको आर्थिक र व्यावसायिक जीवनलाई सुरक्षित राख्नु हो । नेपालको सन्दर्भमा यो बिमा तत्काल लागू गर्नुपर्ने मुख्य कारणहरू निम्न छन्:

**उपभोक्ता अदालतको बढ्दो सक्रियता र वित्तीय जोखिम**

उपभोक्ता संरक्षण ऐनअन्तर्गत नेपालका विभिन्न जिल्लाहरूमा उपभोक्ता अदालतहरू गठन भई सक्रिय भएसँगै स्वास्थ्य सेवालाई पनि उपभोक्ताको दायराभित्र कडा रूपमा हेर्न थालिएको छ । हालैका दिनहरूमा उपचारमा चित्त नबुझेमा वा त्रुटि देखिएमा बिरामीका आफन्तहरू कानुनी उपचार खोज्दै अदालत जाने क्रम ह्वात्तै बढेको छ । अदालतहरूले अस्पताल र डाक्टरहरूलाई करोडौँ रुपैयाँसम्मको क्षतिपूर्ति तिराउने ऐतिहासिक फैसलाहरू सुनाउन थालेका छन् । कुनै पनि मध्यमवर्गीय वा सरकारी डाक्टरले व्यक्तिगत रूपमा आफ्नो खल्तीबाट वा जायजेथा बेचेर यति ठूलो रकम ब्यहोर्न असम्भव प्रायः हुन्छ । यसले चिकित्सकहरूको सम्पूर्ण प्रतिष्ठा र पारिवारिक जीवन नै एकै झट्कामा समाप्त हुने जोखिम बढाएको छ ।

**सर्वोच्च अदालतको स्पष्ट नजिर र कानुनी सन्देश**

सर्वोच्च अदालतको संयुक्त इजलासले हालै गरेका केही फैसला र व्याख्याहरूले स्पष्ट सन्देश दिएका छन्-डाक्टर हुनुको अर्थ लापरबाहीमा उन्मुक्ति पाउनु होइन । अदालतले बिरामीको सुरक्षित उपचार पाउने अधिकारलाई सर्वोच्च राखेको छ तर सँगै यो कुरा पनि स्वीकारेको छ कि उच्च जोखिमयुक्त चिकित्सा विधामा काम गर्दा डाक्टरहरूलाई हरसमय कानुनी डर र दबाबमा राखियो भने स्वास्थ्य प्रणाली नै धराशयी हुनसक्छ । अदालतको यो नजिरपछि डाक्टरहरूका लागि वित्तीय र व्यावसायिक सुरक्षाको खाँचो झनै टड्कारो बनेर आएको छ ।

**'डिफेन्सिभ मेडिसिन' को घातक चक्र रोक्न**

भारी क्षतिपूर्ति र कानुनी कारबाहीको डरले गर्दा नेपाली चिकित्सकहरूमा अहिले प्रतिरक्षात्मक चिकित्साको अभ्यास खतरनाक रूपमा बढ्न थालेको छ । यसको सीधा अर्थ हुन्छ– डाक्टरहरूले बिरामीको ज्यान जोगाउन आवश्यक तर उच्च जोखिमयुक्त जटिल शल्यक्रिया वा उपचार प्रक्रिया हात हाल्न हिच्किचाउने वा अस्वीकार गर्ने । त्यस्तै, कानुनी रूपमा सुरक्षित रहनका लागि बिरामीलाई अनावश्यक रूपमा दर्जनौँ ल्याब टेस्ट र भिडियो एक्सरेहरू गराउन बाध्य पार्ने । यसले अन्ततः स्वास्थ्य सेवालाई सर्वसाधारणका लागि अत्यधिक महँगो बनाउँछ र जटिल बिरामीले समयमा आकस्मिक उपचार नपाई ज्यान गुमाउने अवस्था सिर्जना गर्छ । बिमाको व्यवस्था भएमा चिकित्सकहरूले निर्धक्क भई आफ्नो क्लिनिकल निर्णय लिन सक्छन् ।

**अस्पताल तोडफोड, 'भिडतन्त्र' र असुली संस्कृतिको अन्त्य**

नेपालको स्वास्थ्य क्षेत्रको एउटा दुःखद् पाटो भनेको उपचारका क्रममा बिरामीको मृत्यु वा अवस्था बिग्रँदा तुरुन्तै अस्पताल तोडफोड गर्ने, डाक्टर र नर्समाथि भौतिक आक्रमण गर्ने र मोटो रकम मोलमोलाई गर्ने प्रवृत्ति हो । यदि यो बिमा प्रणाली संस्थागत रूपमा लागू भयो भने, 'भिड' ले सडक वा अस्पतालमा न्यायको फैसला गर्ने विकृति रोकिनेछ । कुनै पनि घटना भएमा, चिकित्सक र बिरामी दुवै पक्ष कानुनी र बिमाको दायरामा आउनेछन् । बिमा कम्पनीको आफ्नै अनुसन्धान टोलीले घटनाको छानबिन गर्नेछ र वास्तविक पीडितले कानुनी रूपमै न्यायोचित र ठूलो रकमको क्षतिपूर्ति पाउने निश्चित हुनेछ । यसले अस्पतालहरूलाई युद्धमैदान हुनबाट जोगाउनेछ ।

**अन्तरराष्ट्रिय अभ्यास र नेपालको स्वास्थ्य पर्यटन**

संसारका अधिकांश विकसित र विकासोन्मुख देशहरू (जस्तैः अमेरिका, बेलायत र छिमेकी देश भारतमा समेत) चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा बिना डाक्टरहरूले बिरामी छुनै पाउँदैनन् । नेपालले पनि अन्तरराष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र छिमेकी देशका बिरामीलाई आकर्षित गर्ने नीति लिइरहँदा हाम्रो स्वास्थ्य प्रणाली कानुनी र वित्तीय रूपमा सुरक्षित हुनुपर्छ । विदेशी बिरामी वा नेपालकै सचेत नागरिकको विश्वास जित्नका लागि पनि यो बिमा अन्तरराष्ट्रिय मापदण्ड अनिवार्य छ ।

**तत्काल र सफल कार्यान्वयनका लागि चाल्नुपर्ने कदमहरू**

नेपाल बिमा प्राधिकरणले केही समय अघि यस प्रकारको बिमाको पोलिसी ल्याउन खोजे पनि पर्याप्त गृहकार्य र समन्वयको अभावमा यो पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । यसलाई भोलिदेखि नै देशव्यापी रूपमा लागू गर्नका लागि निम्न रणनीति र चरणहरू तत्काल चाल्नु आवश्यक छ:

**पहिलो चरणः नेपाल मेडिकल काउन्सिलको कानुनी बाध्यताः** नेपाल मेडिकल काउन्सिलले आफ्नो नियमावलीमा संशोधन गरी प्रत्येक चिकित्सकको 'प्राक्टिस लाइसेन्स' नवीकरण गर्दा वा नयाँ दर्ता गर्दा चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' को पोलिसी अनिवार्य बुझाउनुपर्ने नियम तत्काल लागू गर्नुपर्छ । बिमा नभएका डाक्टरलाई बिरामी जाँच्ने अनुमति दिनु हुँदैन ।

**दोस्रो चरणः जोखिममा आधारित न्यायोचित प्रिमियम निर्धारणः** नेपाल बिमा प्राधिकरणले नेपाल मेडिकल एशोसिएशन र बिमा कम्पनीहरूसँग बसेर चिकित्सकहरूको विधाअनुसार प्रिमियम तय गर्नुपर्छ । उदाहरणका लागि, बढी जोखिम हुने सर्जन, एनेस्थेटिस्ट, र गाइनोकोलोजिस्टको प्रिमियम अलि बढी र कम जोखिम हुने छला रोग विशेषज्ञ वा साइकियाट्रिस्टको प्रिमियम सोही अनुसार न्यायोचित र खल्तीमैत्री बनाउनुपर्छ ।

**तेस्रो चरणः सरकारी र निजी अस्पतालहरूको संस्थागत दायित्वः** डाक्टरहरू आफैँले मात्र नभई उनीहरू कार्यरत अस्पतालहरूले पनि यसमा योगदान गर्नुपर्छ । सरकारी अस्पतालमा कार्यरत डाक्टरहरूको प्रिमियम सरकारले र निजी स्वास्थ्य संस्थामा काम गर्नेहरूको प्रिमियममा सम्बन्धित अस्पतालले कम्तीमा ५० प्रतिशत हिस्सा ब्यहोर्ने गरी श्रम सम्झौता हुनुपर्छ ।

**चौथो चरणः स्वतन्त्र 'मेडिको-लीगल बोर्ड' को गठनः** कुनै पनि उपचारमा गल्ती भयो वा भएन र बिमा दाबी भुक्तानी दिने कि नदिने भन्ने निर्णय गर्न राजनीति र प्रभावमुक्त, स्वतन्त्र विशेषज्ञहरूको 'मेडिकल बोर्ड' गठन हुनुपर्छ । यस बोर्डको प्राविधिक सिफारिसका आधारमा मात्र बिमा कम्पनीले अदालत वा पीडितलाई भुक्तानी दिने व्यवस्था हुनुपर्छ, ताकि कसैले झुटा मुद्दा हालेर बिमाको रकम दुरुपयोग गर्न नसकोस् ।

यस बिमा प्रणाली लागू गर्दा मुख्य चुनौती भनेको डाक्टरहरूमा सुरुवाती प्रिमियम रकम तिर्न देखिने हिच्किचाहट र बिमा कम्पनीहरूमा 'मेडिकल मुद्दा' हरूको प्राविधिक ज्ञानको कमी हुनु हो । यसको समाधानका लागि नेपालका ठूला र स्थापित निर्जीवन बिमा कम्पनीहरूले सामूहिक बिमाको ढाँचा ल्याउन सक्छन् । नेपाल मेडिकल एशोसिएशनमार्फत देशका सम्पूर्ण डाक्टरहरूलाई एउटै पुलमा ल्याएर सामूहिक बिमा गर्दा प्रिमियमको दर निकै कम हुन आउँछ, जुन एउटा नयाँ मेडिकल पास गरेको डाक्टरले पनि सजिलै तिर्नसक्छ' • स ।

चिकित्सा क्षेत्र कुनै जादु वा शतप्रतिशत सुनिश्चित भएको कारखाना होइन । भगवान् मानिने डाक्टर पनि मानिस नै हुन् र उनीहरूबाट पनि मानवीय वा प्राविधिक गल्ती हुनसक्छ । बिरामीको जीउज्यानको सुरक्षा र न्याय जति महत्त्वपूर्ण छ, देशका दक्ष र ऊर्जावान् चिकित्सकहरूको मनोबल र उनीहरूको व्यावसायिक अस्तित्व जोगाउनु पनि राज्यको त्यत्तिकै ठूलो जिम्मेवारी हो । अबका दिनमा डाक्टर बन्नु भनेको जेल जाने वा आर्थिक रूपमा सडकमा आउने बाटो रोज्नु हो भन्ने भाष्य बन्न दिनु हुँदैन । स्वास्थ्य मन्त्रालय, नेपाल बिमा प्राधिकरण, नेपाल मेडिकल काउन्सिल र सरोकारवाला सबै निकायहरूले अहंकार र ढिलासुस्ती त्यागेर चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमालाई राष्ट्रिय एजेन्डा बनाई आजैका मितिदेखि अनिवार्य कार्यान्वयनमा ल्याउनुपर्छ । यसले मात्र नेपालको स्वास्थ्य सेवालाई सुरक्षित, मर्यादित, कानुनी रूपमा सबल र उत्तरदायी बनाउनेछ । *(लेखक नेपाल चिकित्सक सङ्घका महासचिव हुनुहुन्छ)*

## *'सफा सहर'...*

सामान सङ्कलन गर्ने व्यक्तिहरूले फलाम र तामाजस्ता धातु खोज्ने बहानामा रात्रिकालीन समयमा आगो लगाइदिने गरेका छन् । प्रमुख घिमिरेका अनुसार यस्ता अनधिकृत र प्रदूषणकारी गतिविधिलाई नियन्त्रण गर्न अब चाँडै नगरपालिकाले डम्पिङ साइटको व्यवस्थापन गरी प्रवेशद्वारमा गेट निर्माण गरिने र चौकीदार राखेर बाहिरी व्यक्तिहरूको प्रवेशमा पूर्ण निषेध गरिने व्यवस्था मिलाइने उहाँले बताउनुभयो ।

धरान मात्र नभएर समग्र सहरी क्षेत्रकै सबैभन्दा ठूलो चुनौती अहिले प्लास्टिकजन्य फोहर बन्न पुगेको छ । विगत १० देखि १५ वर्षअघिको तथ्याङ्क हेर्दा कूल फोहरमा प्लास्टिकको हिस्सा १० देखि १५ प्रतिशतको हाराहारीमा मात्र हुने गरेकोमा गत वर्ष गरिएको एक अध्ययनले यो मात्रा बढेर २५ प्रतिशतभन्दा माथि पुगेको अधिकृत घिमिरेको भनाइ छ । प्लास्टिकजन्य फोहरको यो अत्यधिक वृद्धिलाई रोक्न र व्यवस्थापनलाई दिगो बनाउन अब उपमहानगरपालिकाले फोहरलाई स्रोतमै वर्गीकरण गर्ने रणनीति बनाउने उहाँले बताउनुभयो । पुनःप्रयोग वा रिसाइकल हुनसक्ने फोहरलाई घर र टोलस्तरमै छुटयाएर बाँकी रहेको फोहरलाई मात्र डम्पिङ साइटमा लैजाने गरी नयाँ योजना अघि सारिने उहाँले बताउनुभयो ।

## विश्व समाचार

### हर्मुजमा इरानको दाबी

तेहरान, ९ असार (रासस/एएफपी) ।

अमेरिका-इरान युद्ध अन्त्य गर्ने उद्देश्यले स्विट्जरल्यान्डमा सम्पन्न वार्तापछि इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण मानिने हर्मुज जलघाँटी आफ्नो प्रशासनिक नियन्त्रणमा रहने घोषणा गरेको छ । इरानका प्रमुख वार्ताकार तथा संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले युद्धअघि जस्तो अवस्था अब कहिल्यै नफर्कने र अन्तर्राष्ट्रिय कानूनअनुसार हर्मुज इरानद्वारा नै प्रशासित हुने बताउनुभयो ।

स्विट्जरल्यान्डको बर्गनस्टक रिसोर्टमा अमेरिका र इरानबीच भएको वार्तापछि तेहरान फर्कनुभएका घालीबाफले वार्ताबाट सकारात्मक उपलब्धि हासिल भएको दाबी गर्नुभयो । उहाँले हर्मुज जलघाँटी, लेबनानको अवस्था, इरानी तेलमा दिइने छुट तथा रोक्का गरिएका सम्पत्ति फुकुवाका विषयमा महत्त्वपूर्ण प्रगति भएको बताउनुभयो ।

इरान र संयुक्त राज्य अमेरिका सोमबार हर्मुज जलघाँटी खुला राख्ने, समुद्री मार्गको सुरक्षा सुनिश्चित गर्ने तथा लेबनानमा जारी द्वन्द्व अन्त्यका लागि सञ्चार संयन्त्र स्थापना गर्न सहमत भएका थिए । मध्यस्थकर्ताहरूका अनुसार मध्यपूर्वमा फैलिएको तनाव कम गर्न दुवै पक्षबीच प्रत्यक्ष सम्पर्कको व्यवस्था गर्ने समझदारी पनि भएको छ ।

घालीबाफले भिडियो सन्देशमार्फत आफूहरू अझै प्रक्रियाको प्रारम्भिक चरणमै रहेको उल्लेख गर्दै कूटनीतिक प्रयास निरन्तर जारी रहने बताउनुभयो । उहाँका अनुसार यो यात्रा विशेषगरी जलघाँटीको व्यवस्थापन, लेबनानको अवस्था, तेल कारोबार र आर्थिक विषयमा उपयोगी साबित भएको छ ।

वार्तापछि अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानले संयुक्त राष्ट्रसङ्घका आणविक निरीक्षकहरूलाई पुनः देशभित्र काम गर्न अनुमति दिने जानकारी दिनुभएको थियो । त्यसलगत्तै अमेरिकाले इरानी तेलमाथि लगाइएका केही प्रतिबन्ध अस्थायी रूपमा निलम्बन गरेको जनाइएको छ ।

सम्झौताअनुसार तेहरानले प्रतिबन्धमा आंशिक राहत पाउने तथा विदेशमा रोक्का गरिएका सम्पत्तिहरू फुकुवा हुने अपेक्षा गरेको छ । इरानी सरकारी सञ्चारमाध्यमका अनुसार घालीबाफले वार्तापछि ओमानमा पनि भ्रमण गर्नुभएको थियो । ओमान हर्मुज जलघाँटीसँग जोडिएको मुलुक हो ।

युद्धको सुरुआती चरणमा इरानले बन्द गरेको हर्मुज जलमार्ग अमेरिका र इरानबीचको सहमतिपछि गत साता पुनः सञ्चालनमा आएको थियो । तर लेबनानमा भएको इजरायली आक्रमणको प्रतिक्रियास्वरूप तेहरानले शनिबार फेरि जलघाँटी बन्द गर्ने घोषणा गरेको थियो ।

कतार र पाकिस्तानका मध्यस्थकर्ताहरूका अनुसार त्यसयता तेहरान र वासिङ्टनले व्यापारिक जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न, सम्भावित घटना रोक्न र गलत बुझाइबाट उत्पन्न हुन सक्ने तनाव कम गर्न प्रत्यक्ष सञ्चार संयन्त्र स्थापना गर्ने सहमति गरेका छन् ।

समुद्री यातायात निगरानी गर्ने संस्थाहरूका अनुसार अमेरिका र इरानबीच युद्ध अन्त्यसम्बन्धी सहमति नजिकिँदै जाँदा सोमबार हर्मुज जलघाँटीमा जहाजहरूको आवागमन फेरि तीव्र गतिमा बढ्न थालेको छ ।

### आणविक निरीक्षणमा इरानको अडान

दुबई, ९ असार (रासस/एपी) ।

इरानले संयुक्त राष्ट्रसङ्घीय आणविक निगरानी निकाय अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का निरीक्षकहरूले अमेरिकाले पहिले आक्रमण गरेका आणविक स्थलहरूको भ्रमण गर्ने कुनै योजना नरहेको स्पष्ट पारेको छ । यसले स्विट्जरल्यान्ड वार्तापछि आएको अमेरिकी दाबीलाई प्रत्यक्ष चुनौती दिएको छ ।

तेहरानमा आयोजित पत्रकार सम्मेलनमा इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले उक्त भ्रमणसम्बन्धी कुनै सहमति वा तयारी नभएको बताउनुभयो । उहाँको भनाइ अमेरिकी उपराष्ट्रपति जेडी भान्सको त्यस अघिको दाबीभन्दा फरक देखिएको छ र स्विट्जरल्यान्ड वार्ताले आइएइएलाई इरानी साइटहरूमा पहुँच दिने सहमति जुटाएको भनिएको थियो ।

सन् २०२५ मा इजरायलसँग भएको १२ दिने युद्धपछि आइएइएले इरानभित्र र बाहिर अनुगमन जारी राखेको भए पनि अमेरिकाले लक्षित गरेको बम आक्रमण भएका संवर्धन स्थलहरूमा भने हालसम्म पहुँच नदिइएको इरानले स्पष्ट गरेको छ ।

पत्रकार सम्मेलनमा अन्य विषयमा उठाइएको प्रश्नमा बाघाईले इरानको आयात नीति मूल्य र गुणस्तरका आधारमा निर्धारण हुने बताउनुभयो । उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति भान्सका टिप्पणीहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन नगरी प्रतिक्रिया दिनुभएको थियो ।

उहाँले थप टिप्पणी गर्दै हालको परिस्थिति र द्वन्द्वको प्रभावबारे व्यङ्ग्यात्मक शैलीमा युद्धको परिणामले इरानी सभ्यताको विनाश गर्ने उद्देश्य राखिएको भए पनि व्यवहारमा यसले अमेरिकी किसानहरूलाई आर्थिक लाभ पुगेको देखिएको बताउनुभयो ।

# सुविधाको मोहमा पलायन हुँदै छन् नेपाली चिकित्सक

काठमाडौँ, ९ असार (रासस)।

आकर्षक सेवा सुविधा पाउने मोहमा प्रायः नेपाली चिकित्सकले रोजगार गन्तव्यका लागि बाहिरी मुलुकनै रोज्ने गरेको डरलाग्दो तथ्याङ्क बाहिरिएको छ।

नेपाल मेडिकल काउन्सिलले वार्षिक झन्डै दुई हजारको सङ्ख्यामा चिकित्सकीय दर्ता प्रमाणपत्र (लाइसेन्स) प्रदान गर्ने गर्छ। त्यतिकै सङ्ख्यामा विदेश जान चिकित्सकले काउन्सिलबाट 'असल चारित्रिक प्रमाणपत्र' लिने गरेको पाइएको छ।

काउन्सिलमा सन् २०२५ मा दुई हजार १२२ जनाले चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) लिएका थिए। सोही वर्ष दुई हजार ३९० जना चिकित्सकले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन्। यस वर्ष लाइसेन्स लिएकाले भन्दा २६८ जना बढी चिकित्सक बाहिर जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन्।

काउन्सिलको चारित्रिक प्रमाण प्रमाणीकरण शाखा प्रमुख प्रदीप रिजालले सन् २०२० यता १३ हजार १४० चिकित्सकले लाइसेन्स लिएका र ११ हजार ६८ चिकित्सक बाहिरी मुलुक जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएको राससलाई बताउनुभयो।

काउन्सिलका निमित्त रजिष्ट्रार डा दीपेन्द्र पाण्डेले विगत १० वर्षदेखि चिकित्सकहरू राम्रो सेवा सुविधाका लागि विदेश जाने गरेको बताउनुहुन्छ। विदेशमा आकर्षक तलब, सेवा सुविधाका कारणले चिकित्सक जाने गरेका छन्।

उहाँका अनुसार सबभन्दा धेरै चिकित्सक अमेरिका, बेलायत, माल्दिभ्स, सयुक्त अरब इमिरेट, अस्ट्रेलिया, भारत, क्यानडा, जर्मन जाने गर्छन्। नेपालमा मेडिकल अधिकृत तहमा कमै अवसर हुने गर्दछ। त्यसैले स्नातकोत्तर तह पढ्दै र अस्पतालमा काम गर्न असल चारित्रिक प्रमाण पत्र लिने गरेको निमित्त रजिष्ट्रार डा पाण्डेले बताउनुभयो।

काउन्सिलको तथ्याङ्क अनुसार अमेरिकामा सन् २०२० यता वर्षमा दुई हजार ९९५ जना चिकित्सक गएका छन्। अमेरिकापछि बेलायतमा दुई हजार ६३७ जना, माल्दिभ्समा दुई हजार २४१ जना, अस्ट्रेलिया ८४८ जना, संयुक्त अरब इमिरेटसमा ७२० जना, क्यानडामा १४८ जना, जर्मनमा ९२ जना चिकित्सक गएका तथ्याङ्कमा देखिएको छ। छिमेकी मुलुक भारतमा पनि ९१८ जना चिकित्सक गएको तथ्याङ्क छ। काउन्सिलका अनुसार चिकित्सक विभिन्न २३ मुलुक जाने गरेका छन्।

सन् २०२० मा ८६९ जना चिकित्सक मुलुक बाहिर जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन्। यस्तै सन् २०२१ मा एक हजार ३२७ जना, सन् २०२२ मा एक हजार ९५४ जना, सन् २०२३ मा दुई हजार ३१८ जना, सन् २०२४ मा दुई हजार २१० जनाले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन्।

"चिकित्सकले असल चारित्रिक प्रमाणपत्र विदेशमा जागिर र पढ्नका लागि लिन गर्दछन्", निमित्त रजिष्ट्रार पाण्डेले भन्नुभयो, "तर नेपालबाट धेरै जसो चिकित्सक पढ्नभन्दा पनि विदेशमा गएर नाकरी गर्नका लागि असल चारित्रिक प्रमाण पत्र लिने गरेका छन्।"

यस्तै सन् २०२० मा दुई हजार १३१ जना चिकित्सकले दर्ता प्रमाणपत्र लिएका छन्। सन् २०२१ मा एक हजार ७१६ जना, सन् २०२२ मा दुई हजार ८५ जना, सन् २०२३ मा दुई हजार ६९२ जना, सन् २०२४ मा दुई हजार ३९४ जना चिकित्सकले काउन्सिलबाट दर्ता प्रमाणपत्र (लाइसेन्स) लिएका छन्।

नेपालमा सेवा सुविधा कम भएको कारणले चिकित्सक रोजगारीका लागि विदेश जाने गरेका छन्। काउन्सिलमा अहिलेसम्म ३९ हजार ४८६ जना चिकित्सकले लाइसेन्स लिइसकेका छन्।

# द्वन्द्वप्रभावित परिवारका विद्यार्थीलाई छात्रवृत्ति वितरण

काठमाडौँ, ९ असार (रासस)।

वन्यजन्तुको आक्रमणबाट अभिभावक गुमाएका मानव-वन्यजन्तु द्वन्द्व प्रभावित परिवारका विद्यार्थीलाई मङ्गलबार छात्रवृत्ति प्रदान गरिएको छ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले निकुञ्ज कार्यालयमा आयोजित कार्यक्रममा प्रभावित परिवारका छात्रछात्रालाई जनही रु १० हजारका दरले छात्रवृत्ति रकम हस्तान्तरण गर्नुभएको हो।

विभिन्न समयमा बाघ, भालु, गैँडा तथा हात्तीको आक्रमणमा परी अभिभावक गुमाएका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई उक्त आर्थिक सहयोग प्रदान गरिएको हो।छात्रवृत्ति पाउने नौ जना विद्यार्थीमध्ये चार जनाले यस वर्ष पनि निरन्तरता पाएको मन्त्रीको सचिवालयले जनाएको छ।

राहत पाउनेमा निकुञ्ज आसपासका पौपाण्डव, बघौडा, रैवा, बूढीराप्ती, मेघौली, केरुङ्गा, अयोध्यापुरी मध्यवर्ती उपभोक्ता समिति तथा मृगकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति क्षेत्रका विपन्न एवं प्रभावित परिवारका बालबालिका छन्।

स्थानीय तहमा वन्यजन्तुको उच्च जोखिमका बीच संरक्षणमा योगदान पुऱ्याउँदै आएका अति विपन्न परिवारलाई लक्षित गरी निकुञ्जले राष्ट्रिय प्रकृति संरक्षण कोषसँग मिलेर यो कार्यक्रम ल्याएको हो।

छात्रवृत्ति वितरण गर्दै मन्त्री चौधरीले वन्यजन्तुको आक्रमणबाट पीडित बनेका र अधिकांश आर्थिक रूपमा कमजोर रहेका परिवारका बालबालिकाको शिक्षामा आर्थिक सहायताले थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

मध्यवर्ती क्षेत्रका बासिन्दाले भोग्नुपरेको पीडाप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै मन्त्री चौधरीले मानव र वन्यजन्तुबीचको द्वन्द्वलाई दीर्घकालीन रूपमा न्यूनीकरण गर्न तथा प्रभावितलाई उचित राहत एवं क्षतिपूर्ति दिलाउन सरकार निरन्तर प्रयासरत रहेको बताउनुभयो।

## *तराईमा तातो ...*

सम्भावना ४० प्रतिशत रहेको छ भने राति हल्का वर्षाको सम्भावना ३० प्रतिशत रहेको विभागले जनाएको छ। उपत्यकाको अधिकतम् तापक्रम २९ देखि ३१ डिग्री सेल्सियस र न्यूनतम तापक्रम २० देखि २२ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ।

विभागका मौसमविद् सञ्जीव अधिकारीले मंगलबार देशका अधिकांश प्रदेशका हिमाली तथा पहाडी क्षेत्रमा मेघगर्जन, चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको जानकारी दिनभयो। उहाँले कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा वर्षा हुने सम्भावन रहेको बताउनुभयो।

विभागले जारी गरेको प्रादेशिक मौसम पूर्वानुमानअनुसार कोशी प्रदेशका हिमाली, पहाडी र तराई क्षेत्रका धेरै स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा हुने सम्भावना छ। त्यसैगरी,बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी क्षेत्रमा पनि वर्षाको गतिविधि सक्रिय रहने अनुमान गरिएको छ।

मधेस प्रदेशका तराई क्षेत्रमा आंशिक बदली रही एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित वर्षा हुनसक्ने जनाइएको छ। बागमती र गण्डकी प्रदेशका तराई क्षेत्रमा भने वर्षासँगै तातो दिनको अवस्था रहने सम्भावना छ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी क्षेत्रमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुनसक्ने पूर्वानुमान गरिएको छ भने रातिको समयमा अधिकांश तराई क्षेत्रमा मौसम सामान्यतया सफा रहने बताइएको छ।

विभागले मेघगर्जन, चट्याङ तथा तातो लहरबाट प्रभावित हुनसक्ने क्षेत्रका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ।

# बिरामीले सोधेः डाक्टरसाप, क्यान्सर निको भएपछि गर्भधारण गर्न मिल्छ ?

भक्तपुर, ९ असार (रासस)।

डाक्टर साहेब क्यान्सर निको भएपछि गर्भधारण गर्न कुनै समस्या हुन्छ कि हुँदैन ? क्यान्सर रोग निको भएपछि फेरि दोहोरिने सम्भावना हुन्छ कि हुँदैन ? क्यान्सर निको भएपछि पहिला जस्तै जीवन जिउँन सकिन्छ ?

सूर्यविनायक नगरपालिकाले मंगलबार आयोजना गरेको क्यान्सर रोगसम्बन्धी एकदिने सचेतना एवं उत्प्रेरणा कार्यक्रममा क्यान्सरलाई पराजित गरी सामान्य जीवनयापन गरिरहेका व्यक्तिहरूले यी र यस्ता धेरै प्रश्नहरु क्यान्सर रोग विशेषज्ञसमक्ष राखे। नेपाल क्यान्सर सर्भाइभर सोसाइटीको समन्वयमा सम्पन्न कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका प्रमुख डा उज्ज्वल चालिसेसँग क्यान्सर रोगसँग सङ्घर्ष गरिरहेका, क्यान्सरलाई पराजित गरी सामान्य जीवनयापन गरिरहेका र हाल किमोथेरापी तथा अन्य उपचार प्रक्रियामा रहेका बिरामीले पीडादायक भोगाइ राख्नुभएको थियो।

कार्यक्रममा सूर्यविनायक नगरपालिकाकी उपप्रमुख सरिता तिम्सिना भट्टराईले क्यान्सर रोगसँग सङ्घर्ष गरी जीवन जितेका व्यक्तिहरू जीवन जिउन प्रेरणा, उपचाररत बिरामीमा आशा एवं आत्मविश्वास जगाउने, सर्भाइभरहरूबीच अनुभव आदानप्रदान गराउने तथा परिवार, स्वास्थ्य संस्था, स्थानीय सरकार र समुदायबीच सहकार्यको वातावरण निर्माण गर्न कार्यक्रम सफल भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा चालिसेले क्यान्सरका बिरामीबाट आएका प्रश्नको जवाफ दिँदै क्यान्सर रोग पत्ता लागेपछि उपचार गरे निको हुने बताउँदै चौथो चरणमा पुगेमात्रै समस्या आउने बताउनुभयो। उहाँले क्यान्सर निको भएपछि पुरानै जीवनमा फर्केर सहज जीवनयापन गर्नसक्ने बताउँदै रोग लागेपछि नआत्तिन, नियमित उपचार र परीक्षणमा रहनुपर्ने बताउनुभयो। उहाँले क्यान्सर निको भएपछि गर्भधारण गर्न र बच्चा जन्माउन सकिने बताउँदै क्यान्सर रोगबाट गाउँगाउँमा सचेतना प्रवाह गर्न आवश्यक भएको बताउनुभयो।

कार्यक्रमका सभापति एवं नगरपालिकाका सामाजिक विकास समितिका संयोजक रविन्द्र सापकोटाले क्यान्सर रोगलाई केवल शारीरिक रोगका रूपमा मात्र नभई मानसिक, सामाजिक र आर्थिक पक्षसँग पनि जोडिएको विषयका रूपमा हेर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

स्वास्थ्य शाखा प्रमुख वसन्त चौलागाईंले सूर्यविनायक नगरपालिकाको अभिलेखअनुसार हाल करिब २४० क्यान्सरबाट प्रभावित व्यक्ति विभिन्न प्रकारका सहायता तथा सेवाबाट लाभान्वित हुँदै आएका बताउनुभयो। कार्यक्रममा नगरपालिकाभित्र क्यान्सर रोगको उपचारमा रहेका र क्यान्सर रोग निको भएकाहरुको सहभागिता थियो।

# राहदानी विभागका महानिर्देशकसहित १६ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, ९ असार (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानी छपाइसम्बन्धी कार्यमा भ्रष्टाचार भएको अभियोगमा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १६ जना तथा सम्बद्ध कम्पनी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले सोमबार विभागका महानिर्देशक अर्याल, सूचना प्रविधि निर्देशक सुनिलकुमार केसीविरुद्ध रु १० अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको हो। तत्कालीन निर्देशक शत्रुध्वनप्रसाद शर्मा पोखरेल, निर्देशक रवीन्द्र राजभण्डारी, लेखा अधिकृत तुलसीप्रसाद आचार्य, कम्प्युटर इन्जिनियर विपीन प्रसाईं, शाखा अधिकृत सोमेश थापा विरुद्ध समान बिगो माग दाबी गरिएको छ।

आयोगले परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिवद्वय राजाराम दाहाल र पुस्कर‍राज नेपाल (कानुन), उपसचिव (लेखा) भेषप्रसाद भूर्तेल विरुद्ध समान बिगो माग दाबी गरेको छ। राहदानीको ठेक्का लिएको जर्मन कम्पनी भेरिडास जिएमबिएचका नेपाल प्रतिनिधि सिद्धार्थ थापा विरुद्ध रु आठ अर्ब २२ करोड ३५ लाख चार हजार ४४४ बराबरको बिगो माग दाबी गरिएको छ।

म्यूलबैरका नेपाल प्रतिनिधि मणिन्द्रराज मल्ल विरुद्ध रु एक अर्ब ९० करोड ६९ लाख ५७ हजार ३२ बराबरको बिगो दाबी गरिएको छ। बोलपत्रको सुरुवाती चरणबाटै गम्भीर अनियमितात र भ्रष्टाचार गरेको पाइएको भन्ने सूचनाका आधारमा आयोगले छानबिन गरेको थियो।

राष्ट्रसेवक कर्मचारी र आपूर्तिकर्ता कम्पनीबीच आपसी मिलेमतो, योजना र संलग्नतामा गैरकानुनी लाभ प्राप्त गर्ने उद्देश्य राखिएको आयोगले उल्लेख गरेको छ। प्रचलित कानुनको प्रतिकूल हुने गरी बदनियमतपूर्वक बोलपत्र मूल्याङ्कन गरे गराएको, साथै प्रचलित कानुन विपरीत बोलपत्रहरुको प्राविधिक र आर्थिक मूल्याङ्कन गरी गराएको आयोगको ठहर छ।

बदनियतपूर्वक राहदानी विभागलाई रु १० अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ बराबरको हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा आयोगले सोमबार मुद्दा दायर गरेको हो। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार कानुन बमोजिम बिगो जरिवाना र कैद सजायको माग गर्दै मुद्दा दायर गरिएको छ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*